# मनपरी भाडा उठाउँदै सवारीसाधन

अमृत अर्याल, स्याङ्जा

भाडादर समायोजन भए पनि लोकल रुटमा चल्ने स्याङ्जाका सार्वजनिक सवारीसाधनले मनपरी भाडा उठाउन छाडेका छैनन्। गल्याङदेखि मिर्मीसम्म जम्मा २० किमि कालोपत्रे सडकमा सार्वजनिक यातायातले २ सय रुपियाँसम्म भाडा लिने गरेका छन्।

प्रतिकिमि ६ रुपियाँ तोकिएको सरकारी मापदण्ड अनुसार २० किमि यात्राको अधिकतम भाडा १ सय २० रुपियाँ हुनुपर्ने हो तर सबैजसो सवारीसाधनले उक्त रुटको भाडा २ सय लिने गरेको यात्रुहरूको गुनासो छ। सवारीको स्तरोन्नति, इन्धन मूल्य, यात्रुको संख्या आदिले केही रकम तलमाथि भए पनि २० किमिको यात्रामा ८० रुपियाँ फरक पर्नु यातायात व्यवसायीको मनोमानी भएको नाम उल्लेख नगर्ने सर्तमा एक यात्रुले बताए।

प्रशासनले पक्की सडकको हकमा बसमा प्रतिव्यक्ति प्रतिकिमि साढे ४ रुपियाँ र जिपको हकमा ६ रुपियाँ भाडादर कायम गरेको छ। तर, कच्ची सडकको हकमा बसको प्रतिकिमि ११ रुपियाँ तथा जिपको १२ रुपियाँ कायम गरिएको प्रमुख जिल्ला अधिकारी ईश्वरीप्रसाद अर्यालले हस्ताक्षर गरेको भाडादरमा उल्लेख गरिएको छ।

सर्वपक्षीय भेलाले टेम्पो, अटोरिक्सा, ई-रिक्साले लिने भाडाको हकमा पक्की सडक ३ किमिसम्मको प्रतिकिमि प्रतिव्यक्ति ३० रुपियाँ तथा ३ किमिभन्दा बढी दूरी भएमा प्रतिव्यक्ति प्रतिकिमि १० रुपियाँका दरले थप भाडा कायम गर्ने भनी भाडादर समायोजन गरिएको हो। तर, कच्ची सडकको हकमा अटोलाई ३ किमिसम्मको प्रतिकिमि प्रतिव्यक्ति ४० रुपियाँ तथा ३ किमि भन्दा बढी दूरी भएमा प्रतिव्यक्ति प्रतिकिमि १५ रुपियाँका दरले थप भाडा लिन सकिने प्रशासनले जनाएको छ।

लोकल रुटको भाडादर समायोजनसम्बन्धी अधिकार प्रदेशहरूमा रहेको भए तापनि जिल्ला प्रशासन कार्यालय स्याङ्जाले सरोकारवाला सबैको सहमतिमा नयाँ भाडादर कायम गरेको थियो। कच्ची बाटो पक्की भइसक्दा पनि पुरानै भाडा लिएको थाहा हुन आएपछि यो निर्णय गरिएको प्रजिअ अर्यालले बताउनुभयो। माथि उल्लेख गरिएको भाडादर सवारीसाधन र काउन्टरमा टाँस्ने भनिए तापनि निर्णय भएको १ महिना बितिसक्दा पनि कतै टाँसिएको देखिँदैन।

त्यस्तै त मिर्मीदेखि चापाकोटसम्म १९ किमि पक्की सडकको भाडा २ सय ३० रुपियाँ लिने गरेको पाइएको छ। स्थानीय प्रशासनलाई यसबारे जानकारी भए पनि थाहा नपाएझैं गरेको छ। फितलो अनुगमनले गर्दा यात्रुको ढाड सेकाउने गरी मनोमानी भाडा उठाउने गरेको यात्रुको आरोप छ। प्रशासनले भाडादर निर्धारण गरिदिएर मात्र नहुने अनुगमन पनि गर्नुपर्ने यात्रुहरूको माग छ।

बयरघारीदेखि थानेचोक देउरालीसम्म १४ किमि कच्ची सडकको भाडा पनि २ सय रुपियाँ लिने गरेको स्थानीय केशरबहादुर खड्काले बताउनुभयो। राज्यले सहुलियत प्रदान गरेका ज्येष्ठ नागरिक, विद्यार्थी तथा अपाङ्गता भएकालाई समेत यातायात व्यवसायीहरूले छुट दिने गरेका छैनन्। समान बोक्ने प्रयोजनका जिपहरूले क्षमताभन्दा बढी यात्रुहरू बोकेर हिँडिरहेका छन्। रातो प्लेटका सवारीसाधनले यात्रु ओसारपसार गरिरहेका छन्। दर्ता नभई टेम्पो सञ्चालनमा आएका छन्।

राइस्कोलादेखि बिरुवासम्म १८ किमि पक्की सडकको भाडा २ सय ५० रुपियाँ लिने गरेको अर्का यात्रु खुमकान्त मरासिनीको गुनासो छ। जिल्लाका सम्पूर्ण यातायात व्यवसायीका प्रतिनिधिहरूको रोहबरमा भाडादर कायम गरिएको बताउँदै स्याङ्जाका ट्राफिक प्रहरी प्रमुख भुपेन्द्र गौतीले भन्नुभयो- 'हामीले सबैलाई भाडादर टाँस्न भनेका छौं। बढी भाडा नउठाउन सबैलाई आग्रह गरेका छौं। बढी भाडा उठाउने सवारीसाधनको नम्बर दिनुस् हामी कारबाही गर्छौं।' अहिलेसम्म बढी भाडा उठाउने पाँच वटा सवारीसाधनलाई कारबाही गरिएको उहाँको कथन छ।

प्रशासनको निर्णयपछि आफूहरूले भाडा घटाइसकेको भीरकोट कालिका यातायात प्रालिका अध्यक्ष रुद्रबहादुर सेन बताउनुहुन्छ। 'कुनैकुनै गाडीले पुरानै भाडा लिएको भन्ने सुनिएको छ। त्यसो गर्नेलाई हामीले पनि कारबाही गर्छौं। नयाँ भाडादर कार्यालयमा टाँसी सबैलाई सोही अनुसार गर्न पत्राचार गरेका छौं।' कालीगण्डकी गल्याङ यातायात प्रालिका अध्यक्ष भेमलाल अर्यालले भन्नुभयो।

समितिले भाडा घटाएको बताए पनि गाडीहरूले पुरानै भाडा लिएको यात्रुहरूको दाबी छ।


## तामाकोशी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
जफे, दोलखा

### आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

प्रकाशित मिति:-२०८२/०७/२६

यस गाउँपालिकाबाट मिति २०८२/०५/२० मा निर्माण कार्यका लागि अभियान राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार E-Bid मार्फत यस कार्यालयमा पेश हुन आएका बोलपत्रहरूमध्ये देहाय बमोजिमका बोलपत्रहरूको प्राविधिक प्रस्ताव मूल्याङ्कन गर्दा सूचना र बोलपत्रमा माग भए अनुसारको योग्यताका आधारमा योग्य भई सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ङ) को उपनियम (५) बमोजिम निजहरुको आर्थिक प्रस्ताव यही मिति २०८२/०८/०३ गते दिनको १२:०० बजे यस कार्यालयमा खोलिने भएको हुँदा सम्बन्धित सबै बोलपत्रदाताहरूलाई जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | ठेक्का नं. | कामको बिवरण | प्राविधिक प्रस्तावमा सफल भएको बोलपत्रदाताहरु |
|---|---|---|---|
| १ | (04/TRM/NCB/Works/R/2082-083) | Upgrading Works of Malukhola Dandagaun Phyatal Chhaude Road. | Diman Construction and Suppliers Pvt. Ltd., BMP-1, Dolakha |
| | | | Rambole – Sailungeshwori – Buddha J.V Lakhanpur -7, Ramechhap |
| | | | Shiva Khimti Construction Pvt. Ltd., Jadibuti-32, Kathmandu |
| | | | Pasa Engineering and Construction Company Pvt. Ltd., Nakhu Lalitpur |
| | | | Mahagauri Ganesh Nirman Sewa Pvt.Ltd , Bhimeshwor Municipality-6, Dolakha |
| | | | Unique- Jaygorakh J.V, Sindhuli |
| | | | Prabhat- Yoddha J.V Chautar, Sindhupalchowk |
| | | | Shisan- Om Agni Barme J.V. Baiteshwor-05, Mainapokhari, Dolakha |

प्रमुख प्रशासकीय अधिकृत

## जिरी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
जिरी, दोलखा

### आशयपत्र सम्बन्धि सूचना

(प्रकाशित मिति : २०८२।०७।२६)

यस कार्यालयद्वारा तपशिलका निर्माण कार्यका लागि मिति २०८१/०६/०१ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र सूचना बमोजिम रितपूर्वक E-bid मार्फत प्राप्त भएका सम्पूर्ण बोलपत्रहरु खोलिएकोमा न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भएकाले सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्पूर्ण सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र. सं. | आयोजनाको नाम | ठेक्का नं. | न्यूनतम मूल्यांकित बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम रु. (प्रोभिजनल सम, मू.अ.कर र कन्टिन्जेन्सी सहित) |
|---|---|---|---|---|
| १ | Upgrading Of Mali Sarwakhasa Shailung Road Jiri- 2, 3. | JIRIMUN/ROAD/20 82/083/NCB-01 | Moti Construction Pvt. Ltd. Jiri- Dolakha | रु. १०४४५१२१।७० |
| २. | Construction Of Black top Road Cow Form, Jiri Hospital To Ward Office- 5 | JIRIMUN/ROAD/20 82/083/NCB-02 | D & P Construction Pvt. Ltd Suryabinayk- 8, Bhaktapur | रु. १३७१४६०३।२३ |
| ३. | Upgrading of pumpagau road at Jiri- 1. | JIRIMUN/ROAD/20 82/083/NCB-03 | Charnawoti Construction & Suppliers Pvt. Ltd Tamakoshi 01, Dolkha | रु. २८१५५३४।७६ |

## लिखु गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
भलादमी डाँडा, नुवाकोट
बागमती प्रदेश, नेपाल

### सेवा करार पदपूर्ती गर्ने सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०७/२६

लिखु गाउँपालिकाको आ.व. २०८२/२०८३ मा गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन गर्न देहाय अनुसारका कर्मचारी सेवा करारमा पद पुर्ती गर्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरु बाट यस सूचना प्रकाशित भएको मितिले पन्ध्र (१५) दिन भित्र तल उल्लेखित बिवरणहरु र राजश्व तिरेको रसिद सहित आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| क्र.सं. | विज्ञापन नं. | पद/तह | माग संख्या | दरखास्त दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १. | २/२०८२-२०८३ | उद्यम विकास सहजकर्ता/सहायक स्तर - चौथो | २ | ५००। | |

१. **न्युनतम शैक्षिक योग्यता:** मान्यता प्राप्त शिक्षा संस्थाबाट प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषद् (CTEVT) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धि प्राविधिक प्रवेसिका परिक्षा (TSLC) उत्तिर्ण गरेको वा प्राविधिक शिक्षा तथा व्यावसायीक तालिम परिषद् (CTEVT) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सिप परिक्षण तह २ उत्तिर्ण गरेको हुनुपर्नेछ।
२. **संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु:** (क) व्यक्तिगत विवरण (ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी (ग) हालसालै खिचिएको पासपोर्ट साइजको ३ प्रति फोटो (घ) तोकिएको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी (च) अनुभव खुल्ने कागजातको प्रमाणित प्रतिलिपि।
३. **परीक्षाको किसिम:** लिखित र अन्तरवार्ता।
४. **दरखास्त दिने स्थान:** लिखु गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, भलायी डाँडा, नुवाकोट।
५. **दरखास्त दिने अन्तिम मिति:** सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा (तर दरखास्तको अन्तिम दिन सार्वजनिक बिदा भएमा लगत्तै कार्यालय खुल्ने दिनलाई अन्तिम दिन मानिनेछ)।
६. **उमेर हद:** १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको (महिलाको हकमा ४० वर्ष ननाघेको) हुनुपर्नेछ।
७. **तलब स्केल तथा अन्य सुविधा:** प्रचलित कानुन बमोजिम हुनेछ।
८. **सेवा करार अवधि:** मिति २०८३ असार मसान्त सम्म।
९. **काम गर्नुपर्ने स्थान:** लिखु गाउँपालिका अन्तर्गत।
१०. **परिक्षा मिति, समय र स्थान:** दरखास्त दिने अवधि समाप्त भए पछि सूचना प्रकासित गरिनेछ।
११. थप जानकारीको लागि गाउँपालिका कार्यालयमा सम्पर्क राख्न सकिनेछ।
१२. **पाठ्यक्रम:** लोक सेवा आयोगले सम्बन्धित तहको लागि तोकेको पाठ्यक्रम बमोजिम।
१३. **राजश्व बुझाउने बैंक:** कृषि विकास बैंक छहरे शाखा, नुवाकोटको खाता नं: ०२२४८०१९४५१०८०१९।
१४. दरखास्त फाराम (अनुसूची -२) यस कार्यालयको website बाट download गर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

## तामाकोशी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
जफे, दोलखा

### बोलपत्र स्वीकृतका लागि आसयको सूचना

सूचना प्रकाशित मिति:-२०८२/०७/२६ गते

मिति २०८२/०५/२४ गते राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार पर्न आएका बोलपत्रहरू मध्ये निम्न अनुसारको कार्यको लागि निम्नअनुसारको बोलपत्रको न्युनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा सार्वजानिक खरिद ऐन २०५३ को दफा (१) बमोजिम स्वीकृतको लागि छनौट गरिएको सोही ऐनको दफा २७ (२) र दफा ४७ को प्रयोजनको लागि सम्बन्धित सबै बोलपत्रदाताहरूलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | ठेक्का नं. | आयोजनाको नाम र ठेगाना | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम रु. (मू.अ.कर र PS सहित) |
|---|---|---|---|---|
| १ | (05/TRM/NCB/Works/R/2082-083) | Upgrading Works of Manedada Chhaude Deurali Kalika Ma.Bi. Road. | Bishwakarma Nirman Sewa Likhu Tamakoshi -05 NagDaha, Ramechhap | 1,06,60,330.36 |
| २ | (06/TRM/NCB/Works/R/2082-083) | Upgrading Works of Kirnebesi-Kirnegaun Ritthabot Kalleri Malu Dandagaun Road. | Pharpu khimti nirman sewa Gokulganga -06, Ramechhap | 1,05,35,147.55 |
| ३ | (07/TRM/NCB/Works/R/2082-083) | Upgrading Works of Jhule Gairibesi Bhirkot Road. | Safal Nirman Sewa Tamakoshi-02 Jhule, Dolakha | 90,10,936.35 |

प्रमुख प्रशासकीय अधिकृत

## नमोबुद्ध नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
भकुण्डेबेशी, बागमती प्रदेश, नेपाल

### प्राविधिक प्रस्ताव स्वीकृत गर्ने तथा आर्थिक प्रस्ताव खोल्ने सूचना

सूचना प्रकाशित मिति : २०८२/०७/२६

यस नमोबुद्ध नगरपालिकाबाट मिति २०८२/०६/१२ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार पेश हुन आएका बोलपत्रहरु मध्ये प्राबिधिक प्रस्तावको मूल्यांकन गर्दा तपशिल बमोजिमको बोलपत्रदाताहरुले प्राबिधिक सर्तहरु पुरा गर्न सफल भएको हुँदा बोलपत्रदाताहरुले पेश गर्नुभएको आर्थिक प्रस्ताव मिति २०८२/०८/०३ गते दिनको १:०० बजे यस कार्यालयमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ज) को उपनियम ५ को प्रयोजनका लागि सम्बन्धित सबैको जानकारीका निम्ति यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | बोलपत्र नं. | प्राविधिक प्रस्तावमा सफल भएका दरभाउपत्रदाताको नाम र ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | NMUN/NCB/WORK/ 01/082/83 Upgarading Of 2 No.Ward Office To Salthumki Road . | 1. Durpana/S And M J.V<br>2. LO/Guru Rinpoche J.V Baudha-06<br>3. Regmi-N.S.J.V Namobuddha-05<br>4. Everest Construction -Methinkot-05 kavre<br>5. Bijay Structure Pvt.Ltd-banepa<br>6. Himalyan Cross Road-Pokhari Narayansthan Kavre | |
| २ | NMUN/NCB/WORK/02/082/83 Construction Of 26 Kilo Hudai Kulainthan Sadak. | 1. Durpana/S And M J.V<br>2. LO/Guru Rinpoche J.V Baudha-06<br>3. Everest-N.S.J.V Methinkot-05<br>4. Dip/Bijal J.V -Tokha-05 kathamandu<br>5. Monalisa-B.K-HSW J.V-Daraunepokhari-4 Pipaltar<br>6. Sangden/ABS J.V<br>7. Mahabir-Bhumidada-Sagarmatha J.V-Namobuddha | |

प्रमुख प्रशासकीय अधिकृत

## Talkot Rural Municipality
### Office Of The Rural Municipal Executive
Talkot Bajhang
Sudurpashchim Province, Nepal

### Invitation for Online Electronic Bids

*Date of Second Publication :- 2025-NOV-12*
*Opening date :- 2025-NOV 27*

Talkot Rural Municipality office of the municipal Executive, invites online bid under E-procurement system from eligible bidder for the procurement Supply of surgical,Medicine delivery goods .The Bidder can visit the PPMO Website WWW. Bolpatra .gov.np/cgp for the detail information with public Entity.

**Public entity Name: Talkot Rural municipality. Contact Number : 9858420845, 9849460075**

| S. No. | Contract ID No | Project Name | Estimated Amount, NRs (Excluding VAT) | Bid Security NRs | Bid Document Fee NRs |
|---|---|---|---|---|---|
| 1 | TRM-BJH-SQ-01-082/083 | Supply and delivery surgical, Medicine items. | 1500000 | 37800 | 1000 |

| | Bank Name | Account Name | Account Number | Office Code | Remarks |
|---|---|---|---|---|---|
| 1 | Everest Bank Talkot Branch | Antarik Rajashow khata Number | 07900106200004 | 801077007 | |
| 2 | Everest Bank Talkot Branch | Dharauti khhata Number (For Bid Security) | 07900106200003 | 801077007 | |

- Chief Excutative Officer